# नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
## सानोठिमी, भक्तपुरको
## परीक्षाफल प्रकाशन सम्बन्धी सूचना

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०७५ साल वैशाख महिनामा सञ्चालन भएको कक्षा १२ को नियमित तथा आंशिक परीक्षार्थीहरुको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०७५/०४/१७ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ । परीक्षाफलको विवरण निम्नानुसार रहेको छ ।

| नियमिततर्फ | | आंशिकतर्फ | |
|---|---|---|---|
| सम्मिलित परीक्षार्थी संख्या | २,९९,६७५ | सम्मिलित परीक्षार्थी संख्या | १,१७,४१४ |
| परीक्षा रद्द गरिएको परीक्षार्थी सङ्ख्या | ९७ | परीक्षा रद्द गरिएको परीक्षार्थी सङ्ख्या | २० |
| स्थगित गरिएको परीक्षार्थी संख्या | २ | स्थगित गरिएको परीक्षार्थी संख्या | ४ |
| | | उत्तीर्ण परीक्षार्थी संख्या | ४१,३२५ |
| | | उत्तीर्ण प्रतिशत | ३५.२ |

**परीक्षार्थीहरुले परीक्षाको नतिजा तपसिल अनुसारका Website, SMS र IVR सेवा मार्फत प्राप्त गर्न सक्ने छन् :**

**Website :-**

१. राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np
२. नेपाल टेलिकमको website : www.neb.ntc.net.np
३. इयुजोनिक्स एजुकेशन प्रा.लि. को website : www.edusanjal.com
४. One Up कम्युनिकेशन को website : www.meroshikshya.com
५. द कनेक्ट प्लस प्रा.लि., नागार्जुनको website : www.theconnectplus.com
६. कान्तिपुर पब्लिकेशन प्रा.लि. को website : www.ekantipur.com

**SMS सेवा :-**

१. नेपाल टेलिकमको १६०० मा SMS गर्ने तरिका :
NEB <space> Symbol No. टाईप गरी **१६००** मा SMS गर्ने ।
२. जानकी टेक्नोलोजी प्रा. लि को **३५००१** मा SMS गर्ने तरिका :
NEB <space> Symbol No. टाईप गरी **३५००१** मा SMS गर्ने ।
३. इजि डिजिटल सर्भिस प्रा. लि को **३१००७** मा SMS गर्ने तरिका :
NEB <space> Symbol No. टाईप गरी **३१००७** मा SMS गर्ने ।
४. आकाश टेक प्रा. लि को **३१००३ मा** SMS गर्ने तरिका :
NEB <space> SymbolNo. टाईप गरी **३१००३** मा SMS गर्ने ।

**IVR सेवा :-**

१. नेपाल टेलिकमको १६०१ मा डायल गरी प्राप्त निर्देशानुसार गर्ने

पुनश्च:-

**१. प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्था:**

क. अक्षराङ्कन पद्धतिबाट कक्षा ११ र १२ को परीक्षामा सहभागी भई प्रत्येक विषयका सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा C, $C^+$, B, $B^+$, A र $A^+$ मध्ये कुनै ग्रेड प्राप्त गरेका परीक्षार्थीहरुलाई नतिजा प्रकाशन भएको मितिले २१ दिन पश्चात् मात्र ट्रान्सक्रिप्ट, माईग्रेसन र प्रोभिजनल (TMP) प्रमाणपत्र उपलब्ध गराइने छ ।

ख. अक्षराङ्कन पद्धतिबाट कक्षा ११ र १२ को परीक्षामा सहभागी भई प्रत्येक विषयका सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा न्यूनतम $D^+$ ग्रेड प्राप्त गरेका परीक्षार्थीले ग्रेडवृद्धि परीक्षामा सहभागी नहुने अवस्थामा मात्र शैक्षिक योग्यताको प्रमाणपत्र लिन सक्ने छन । यसरी शैक्षिक योग्यताका प्रमाणपत्र लिइसकेका परीक्षार्थीले ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउने छैनन् । यदि त्यस्ता परीक्षार्थीले ग्रेडवृद्धि परीक्षामा सहभागी भएमा उक्त परीक्षा स्वत: रद्द हुनेछ ।

ग. कक्षा ११ र १२ उत्तीर्ण, रजिष्ट्रेशन नम्बरका शुरुका दुई अंक ७३ वा सोभन्दा कम भएका (अङ्काङ्कन पद्धतिका) विद्यार्थीहरुलाई ट्रान्सक्रिप्ट, माईग्रेसन र प्रोभिजनल (TMP) प्रमाणपत्रहरू नतिजा प्रकाशित भएको मितिले २१ (एकाईस) दिन पछि मात्र उपलब्ध गराइनेछ । रजिष्ट्रेशन नं. का शुरुका दुई अंक ६८ वा सो भन्दा बढी भएका विद्यार्थीहरुको शैक्षिक योग्यताका प्रमाणपत्रहरु (TMP) राष्ट्रिय परीक्षा बोर्डका शाखा कार्यालयहरु (विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, धनगढी र काठमाण्डौं) बाट उपलब्ध गराइने छ ।

२. राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा १२ को परीक्षाफल प्रकाशन पश्चात् आफूले प्राप्त गरेको कुनै विषयको ग्रेड/अंकमा चित्त नबुझेमा सम्बन्धित परीक्षार्थीले प्रति विषय रु. ५००।- (पाँच सय) का दरले दस्तुर बुझाई पुनर्योगका लागि ग्रेडसिट/मार्कसिट वा website बाट डाउनलोड गरेको ग्रेडसिट/मार्कसिट संलग्न गरी परीक्षाफल प्रकाशन भएको मितिले **१५ (पन्ध्र)** दिन (२०७५ भदौ १ गते) भित्र राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित शाखा कार्यालय वा **राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर**मा आवेदन दिइसक्नु पर्ने छ ।

३. राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा १२ को परीक्षाफल प्रकाशनका क्रममा कुनै त्रुटि (स्थगित वा अनुपस्थित, विषय फरक पर्ने, नाम थर, र.नं. फरक पर्ने आदि) देखिएमा सम्बन्धित शाखा कार्यालयहरू **वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन भएको मितिले** ४ महिनाभित्र (२०७५ मंसिर १६ गतेसम्म) आवश्यक कागजात सहित निवेदन पेश गर्न अनुरोध गरिन्छ । म्याद नाघी आएका र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

**- परीक्षा नियन्त्रक**

मिति : २०७५/०४/१७